# AML/CFT सम्बन्धमा सहकारी संस्थाहरुसँग अनुशिक्षण कार्यक्रम सम्पन्न

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र goAML रिपोर्टिङ्ग सम्बन्धमा कोशी प्रदेशका सहकारी संस्थाहरुको सहभागितामा २०८२ चैत १ गते झापाको बिर्तामोडमा एक दिने अनुशिक्षण कार्यक्रम सम्पन्न भयो ।

सो कार्यक्रममा कोशी प्रदेशमा सञ्चालित २५ करोडभन्दा बढिको वासलात भएका सहकारी संस्थाहरु, प्रदेश सहकारी संघहरु, जिल्ला विषयगत संघ, कोशी प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय लगायत विभिन्न ८० भन्दा बढी सहकारी संस्थाहरुबाट १०० भन्दा बढि प्रतिनिधि/कार्यान्वयन अधिकारीहरुको सहभागिता रहेको थियो ।



उक्त कार्यक्रममा प्रदेश सहकारी संघ कोशी प्रदेशका सदस्य, सुर्य कुमार दाहालले सबै सहकारी संस्थाहरुले आ आफ्नो तर्फबाट कानुनको पालना गर्न प्रतिबद्ध रहेको जनाउदै कार्यान्वयनलाई सहज बनाउन यस किसिमका कार्यक्रमको वृद्धी हुनुपर्ने आवश्यकता औंल्याउनु भयो । कार्यक्रममा नेपाल राष्ट्र बैंक, बिराटनगर कार्यालयका का.मु. निर्देशक दिल बहादुर सुब्बाले सबै सहकारी संस्था, तिनका सदस्य र कार्यारत कर्मचारीहरुले सच्चा नागरिकको रुपमा राष्ट्रप्रति गनुपर्ने न्युनतम जिम्मेबारी पुरा गनुपर्ने बताउँदै सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धि जिम्मेबारीसमेत सोबाटै पुरा हुने बताउनुभयो ।




इकाईका उप-निर्देशक विष्णु प्रसाद गुरागाँईले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको औचित्यता तथा Mutual Evaluation ले गरेको दिशानिर्देश सम्वन्धमा प्रकाश पार्नु भएको थियो । उहाँले स्थानिय निक्षेप परिचालनमा सहकारी संस्थाहरुले उल्लेखनीय भूमिका खेलेको बताउदै, सहकारी क्षेत्रलाई सक्षम र सबल बनाउन समय समयमा सहकारीहरुलाई तालिम प्रदान गरिरहेको बताउनु भयो ।

कार्यक्रममा इकाई प्रमुख वासुदेव भट्टराईले छोटो समयमै धेरै सहकारीहरु goAML System मा आवद्ध भएकोमा खुसी व्यक्त गर्दै बाँकी रहेका अन्य सहकारी संस्थाहरुलाई पनि यस प्रणालीमा आवद्ध हुन आग्रह गर्नुभयो । साथै उहाँले goAML System लाई सरलीकरण गरिएको, नियामक निकायहरुलाई goAML System मा पहुँच दिएको जानकारी दिनुभयो ।

इकाई प्रमुख भट्टराईले कानुनले किटान गरेका संस्था तथा क्षेत्रहरु अनिवार्य रुपमा goAML System मा जोडिनुपर्ने र जोखिम मुल्याङ्कनका आधारमा सहकारी संस्थाहरु क्रमिक रुपमा goAML System मा आवद्ध गर्ने बताउनुभयो । साथै Mutual Evaluation ले सहकारी क्षेत्रमा देखाएका कमीकमजोरीहरु सुधार गर्न सबै सहकारी प्रतिनिधिहरुलाई आग्रह गर्नुभयो । गैरकानुनी आर्जनलाई सहकारी क्षेत्र मार्फत् सम्पत्ति शुद्धीकरण हुन नदिन सहकारी विभागबाट गरिएका अनुगमन तथा निरिक्षणले देखाएका कमीकमजोरीहरुलाई समयमै सुधार गर्नुपर्ने धारणा राख्दै सम्बन्धित सूचक संस्थाका Compliance Officer हरुले कानुन तथा नीति नियमको अधिनमा रही निर्धक्क भएर goAML System मार्फत STR/SAR/TTR रिपोर्टिङ्ग गर्न आग्रह गर्नु भयो ।

उक्त कार्यक्रममा सहकारी संस्थाहरुले पालना गर्नुपर्ने AML/CFT सम्बन्धी कानुनी तथा नियामकीय प्रावधानहरु र सुपरिवेक्षणका क्रममा देखिएका विषयबस्तुहरु सम्बन्धमा सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेशका रजिष्टार भुपेन्द्र खनालले प्रथम कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तुतीकरणमा सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी प्राबधानहरु सहकारी संस्थाहरुले के कस्तो प्रक्रियाबाट अक्षरशः पालना गर्ने र पालना नगरेमा हुनसक्ने कारबाही समेटिएको थियो । यसैगरी, goAML System मा आवद्धता तथा रिपोर्टिङ्ग प्रक्रिया सम्बन्धमा वित्तीय जानकारी इकाईका प्रधान सहायक विवेश पोखेलले दोश्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो जसमा goAML System, यसका विशेषता, यसको सुरक्षार्थ अपनाइएका उपायहरु साथै हालसम्म goAML मा दर्ता भएका संस्थाहरुको बिबरण, प्रदेशगत अबस्था, STR/SAR/TTR रिपोर्टिङ्गको अवस्था समेटिएको थियो ।

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेशको समन्वयमा भएको उक्त कार्यक्रमको सञ्चालन इकाईका सहायक निर्देशक कमल पौडेलले गर्नुभएको थियो ।